कम्पनीले यस सूचना मार्फत नेपाल सरकारले ल्याएको “जनताको जलविद्युत कार्यक्रम” अन्तर्गत कम्पनीको जारी पूँजी रु.२,४७,००,००,०००/- (अक्षरेपी रु.दुई अर्ब सत्चालीस करोड मात्र) को १५ प्रतिशत अर्थात रु.३७,०५,००,०००/- (अक्षरेपी रु.सैंतीस करोड पाँच लाख मात्र) बराबरको रु.१००/- अंकित दरको ३७,०५,००० कित्ता साधारण शेयर (कम्पनीका कर्मचारीहरुको लागि संरक्षण गरिएको ३ प्रतिशत अर्थात १,११,१५० कित्ता सहित) प्रति शेयर रु.१०/- को दरले (अंकित मूल्यको दश प्रतिशतले) हुने रकम रु.३,७०,५०,०००/- (अक्षरेपी रु. तीन करोड सत्तरी लाख पचास हजार मात्र) भुक्तानी अग्रिम माग गर्ने गरी नेपाल धितोपत्र वोर्डबाट मिति २०७५/११/३० मा स्वीकृत विवरणपत्र वमोजिम मिति २०७५/१२/०७ मा धितोपत्र निष्काशन खुल्ला गरी मिति २०७५/१२/११ भित्र धितोपत्र खरिदका लागि आवेदन दिएका रितपूर्वकका आवेदकहरु मध्येबाट मिति २०७५/१२/१४ गते शेयर बाँडफाँट भई तत्कालिन समयमा प्रति शेयर रु.१०/- को दरले रकम बुझाएका साविकका सर्वसाधारण शेयरधनीहरुको लागि मात्र चुक्ता हुन बाँकी प्रति कित्ता रु.९०/- (अंकित मूल्यको नब्बे प्रतिशतले) का दरले हुने रकम रु.३३,३४,५०,०००/- (अक्षेरेपी रु.तेत्तीस करोड चौतीस लाख पचास हजार मात्र) माग गरेको छ।

माग गरिएको प्रति कित्ता अंकित मूल्य (क) : रु.९०/-

रकम बुझाउने अन्तिम मितिसम्म पाउने प्रति कित्ता ब्याज रकम (ख) : रु.३/-

हाल भुक्तानी गर्नुपर्ने प्रति कित्ता रकम ग=(क-ख) : रु.८७/-

त्रिशुली जलविद्युत कम्पनी लिमिटेड
Trishuli Jal Vidhyut Company Limited

बनस्थली, काठमाण्डौ, नेपाल, फोन नं. ०१-५९०२९६४, फ्याक्स नं. ०१-५९०२९६३
इमेलः tjcl2068@gmail.com वेभसाइटः www.trishulijalvidhyut.com.np

साविक सर्वसाधारण शेयरधनीहरुबाट चुक्ता हुन बाँकी रकम माग गर्नका लागि जारी गरिएको सूचना

कम्पनीको विगत तथा आगामी ४ वर्षको नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित			
	आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.०८१/८२	आ.व.०८२/८३
प्रति शेयर नेटवर्थ (रु.)	९३.९५	९३.०१	९०.८६	८९.३८	९२.०४	११५.६१	१३३.१४	१४४.०२
प्रति शेयर आम्दानी (रु.)	(२.०९)	(०.९४)	(२.१६)	(१.४८)	(१.४३)	२३.५७	३२.५३	३५.८९
संचित नाफा (नोक्सान) (रु. हजारमा)	(९१,८९९)	(१०६,१५८)	(१३८,९०५)	(१६१,३४६)	(१९६,६९७)	३८५,५५७	८१८,५०३	१,०८७,३८४

रकम बुझाउने शुरु मिति : २०७९/०६/०४ गते ।

रकम बुझाउने अन्तिम मिति : २०७९/०७/१७ गते ।

प्रति मेगावाट लागत सम्बन्धी विवरण:

यस कम्पनीद्वारा निर्माणाधिन माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजनाको लागत (Interest During Construction (IDC समेत) प्रति मेगावाट रु.२२,२३,६३,०००।- (अक्षरेपी रु.बाईस करोड तेइस लाख त्रिसठ्ठी हजार मात्र) रहेको छ ।

विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरण:

विद्युत उत्पादन अनुमतिको अवधि मिति २०७०/०४/२७ देखि मिति २१०५/०४/२६ सम्म बहाल रहेकोमा कोभिड-१९ को कारणबाट आयोजना निर्माणमा प्रभाव परेकोले विद्युत विकास विभागबाट सोको म्याद एक वर्ष थप भई मिति २१०६/०४/२६ सम्म वहाल रहकोले अनुमतिको अवधि २६ वर्ष ११ महिना बाँकि रहेको छ ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण:

साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ७.९८ वर्ष र डिस्काउन्टेड लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १२.३३ वर्ष रहेको छ । आ.व. २०७६/७७ लाई आधार वर्ष अर्थात Year 0 मानी गणना गरिएको छ । Discounted Pay Back Period गणना गर्दा Discounting Rate १२% मानी सोही बमोजिमको Discounting Factor तय गरिएको छ ।

जनताको जलविद्युत कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ को दफा ११ तथा कम्पनी ऐन, २०६३ को दफा ५३ मा भएको व्यवस्थाको अधिनमा रही यस कम्पनीले साविकका सर्वसाधारण शेयरधनीहरुसँग भुक्तानी हुन बाँकी प्रति कित्ता अंकित मूल्य रु.९०/- दरको रकम मिति २०७९/०६/०४ गतेदेखि भुक्तानी माग गरिएको छ । यसरी माग गर्दा शेयरधनीहरुको यस भन्दा पहिले बाँडफाँटमा परेको शेयर संख्या बमोजिम अग्रिम भुक्तानी गरेको रकम कम्पनीको खातामा प्राप्त भएको मिति २०७५/१२/२० गतेदेखि मिति २०७९/०७/१७ सम्म अवधिको लागि नेपाल सरकारले तोकेको वार्षिक ८ प्रतिशत व्याज कम्पनीले प्रदान गरी शेयरधनीको चुक्ता हुन बाँकी रकममा मिलान गर्ने गरी आवश्यक व्यवस्था गरिएको व्यहोरा अनुरोध छ ।

नेपाल धितोपत्र बोर्डको पत्र संख्या : नि.व्य.वि./धि.नि.सा.ल.को तथा वि.ल.को.शा./२०७९/०८०, चलानी नं. ३४९ मिति २०७९/०५/२० को पत्रबाट आस्वा शुल्क छुट गरिएको ।

नेपाल धितोपत्र बोर्डको पत्र संख्या : नि.व्य.वि./धि.नि.सा.ल.को तथा वि.ल.को.शा./२०७९/०८०, चलानी नं. ५५ मिति २०७९/०४/०९ को पत्रबाट यस कम्पनीको साधारण शेयरको निष्काशनसँग सम्बन्धित व्यवस्थापकीय, प्राविधिक र आर्थिक विवरणहरुको पछिल्लो अद्यावधिक विवरण समावेश गरी प्रकाशित गरिएको ।

यस कम्पनीबाट साविकका सर्वसाधारण शेयरधनीहरुलाई आव्हान गरेको चुक्ता हुन बाँकी रकम बुझाउनका लागि समयमा नै आफ्नो हितग्राही खाता र बैंक खाता अद्यावधिक गर्न र MERO SHARE नविकरण गर्न हुन समेत अनुरोध छ ।

रकम बुझाउन सकिने स्थानहरु :

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको “मेरो शेयर” सफ्टवेयरबाट समेत शेयरधनीहरुले रकम बुझाउन/आवेदन गर्न सक्नेछन् ।

१. कम्पनीको नाम : त्रिशुली जलविद्युत कम्पनी लि. (Trishuli Jal Vidhyut Company Limited) ।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

३. कम्पनीको रजिष्टर्ड ठेगाना : बागमती प्रदेश का.म.न.पा.वडा नं. १६, वनस्थली, काठमाडौं ।

४. कारोबार गर्ने मुख्य स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय बागमती प्रदेश का.म.न.पा. वडा नं. १६, बनस्थली, काठमाडौं ।

५. आयोजना निर्माण स्थल : नुवाकोट जिल्ला किस्पाङ गाउँपालिका वडा नं. ५, सिरुपानी र रसुवा जिल्लाको उत्तरगया गाउँपालिका ।

६. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

(१) यो कम्पनी नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी विकास गर्न सकिने जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र सञ्चालन गर्ने हेतुले नेपाल विद्युत प्राधिकरण र नेपाल दूरसञ्चार कम्पनी लि. संस्थापक रही “त्रिशुली जलविद्युत कम्पनी लिमिटेड” को नाममा कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार सञ्चालन गर्दै आएको कम्पनी हो ।

यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६८/०१/२९ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा र मिति २०६८/०८/०६ मा आन्तरिक राजस्व कार्यालयमा दर्ता भई मिति २०६८/०८/२५ देखि आर्थिक कारोवार शुरु गरेको हो । यस कम्पनीद्वारा प्रवर्द्धित माथिल्लो त्रिशुली ३बी जलविद्युत आयोजना (जडित क्षमता ३७ मेगावाट) नुवाकोट जिल्लाको किस्पाङ गाउँपालिका र रसुवा जिल्लाको उत्तरगया गाउँपालिकामा पर्दछ । त्रिशुली नदीमा निर्माण हुने यो आयोजना नेपाल विद्युत प्राधिकरणद्वारा प्रवर्द्धित माथिल्लो त्रिशुली ३ए जलविद्युत आयोजना (जडित क्षमता ६० मेगावाट) को क्यासकेड आयोजना हो । यस कम्पनीका संस्थापकहरुमा नेपाल विद्युत प्राधिकरण र नेपाल दूरसञ्चार कम्पनी लि. रहेका छन् ।

कम्पनीको मिति २०७५/०९/२७ गते सम्पन्न सातौं वार्षिक साधारण सभाबाट अधिकृत पूँजी रु.२ अर्ब ५० करोड तथा जारी पूँजी रु.२ अर्ब ४७ करोड रहने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट पूँजी वृद्धिको कार्य सम्पन्न भैसकेको छ ।

(२) कम्पनीको प्रबन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ३० प्रतिशत नेपाल विद्युत प्राधिकरण, ३० प्रतिशत नेपाल दूरसञ्चार कम्पनी लि., १० प्रतिशत आयोजना प्रभावित क्षेत्र नुवाकोट र रसुवा जिल्लाका स्थानिय बासिन्दाहरु, ५ प्रतिशत नुवाकोट र रसुवा जिल्लाका स्थानीय तहहरु, ५ प्रतिशत जलविद्युत आयोजनाहरुमा लगानी गर्ने उद्धेश्यले आयोजना रहेको नुवाकोट र रसुवा जिल्लाका स्थानिय बासिन्दाहरुले संस्थापना गरेका कम्पनीहरु, ५ प्रतिशत शेयरधनी सम्झौता भएको बखत मिति २०६८/०१/२९ देखि शेयर निष्काशन गरेका बखतसम्ममा नेपाल विद्युत प्राधिकरण र नेपाल दूरसञ्चार कम्पनी लि. मा कार्यरत स्थायी कर्मचारीहरु (संस्थाहरुको कर्मचारी संख्याको आधारमा समानुपातिक) र १५ प्रतिशत (सोको ३ प्रतिशत त्रिशुली जलविद्युत कम्पनी लि.का कर्मचारीहरुको लागि संरक्षित) सर्वसाधारण नेपाली जनताहरुको लागि छुट्याई बाँडफाँट गर्ने व्यवस्था रहेको छ ।

(३) निर्माण कार्य पूर्वका मुख्य उपलब्धीहरु :

(१) विद्युत उत्पादनको सर्भेक्षण अनुमति प्राप्त मिति : २०६३/०७/१५
(२) विद्युत उत्पादन अनुमति पत्र प्राप्त मिति : २०७०/०४/२७
(३) त्रिशुली जलविद्युत कम्पनी लिमिटेडको नाममा उत्पादन अनुमति पत्र नामसारी मिति : २०७२/०२/२४
(४) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत मिति : २०७२/१०/२९
(५) नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद विक्री सम्झौता (PPA) सम्पन्न भएको मिति : २०७४/०५/०६
(६) नेपाल सरकारबाट आयोजना निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने निर्णय मिति : २०७५/०३/१५
(७) सो वन क्षेत्र प्रयोग गर्न जिल्ला वन कार्यालय, नुवाकोटसँग सम्झौता मिति : २०७५/०३/२६
(८) ऋण सम्झौता : ऋणदाता संस्था - नबिल बैंक लि., हाइड्रोइलेक्ट्रोसीटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेन्ट कम्पनी लि. तथा नेपाल बैंक लि. र कम्पनी बीच भएको सम्झौता) मिति : २०७५/०५/०४
(९) विद्युत उत्पादन अनुमति बहाल रहने मिति : २१०६/०४/२६
(विद्युत विकास विभागको च.नं.१२३५ मिति २०७९/०१/०६ को पत्रानुसार कोभिड-१९ को कारणबाट आयोजना निर्माणमा प्रभाव परेकोले एक वर्ष थप भई मिति २१०५/०४/२६ बाट मिति २१०६/०४/२६ सम्म कायम भएको) ।

(४) ३७ मेगावाट जडित क्षमताको माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजनाको निर्माण कार्य भैरहेको र नुवाकोट तथा रसुवा जिल्लामा पर्ने त्रिशुली नदी विद्युत उत्पादनको लागि आवश्यक प्रमुख जलस्रोतको रुपमा रहेको छ ।

(५) **आयोजनाको लागत अनुमान:**

आयोजनाको कुल लागत अनुमान (निर्माण अवधिको व्याज बाहेक) रु.७ अर्ब ४४ करोड ५६ लाख ४८ हजार रहेको छ । निर्माण अवधिको ब्याज रु.७८ करोड १७ लाख ९३ हजार समेत आयोजनाको कुल लागत रु.८ अर्ब २२ करोड ७४ लाख ४१ हजार रहेको छ । अनुमानित लागतलाई बिदेशी बिनिमय दर, समय र राष्ट्रिय तथा अन्तराष्ट्रिय घटना क्रमले असर गर्न सक्ने देखिएको छ । आयोजनाको निर्माण कार्य मिति २०७७/११/२९ मा सम्पन्न हुने अनुमान गरिएकोमा विश्वव्यापी रुपमा फैलिएको COVID-19 को प्रभाव तथा हेडरेस सुरुङमा भेटिएको कमजोर चट्टानका कारण निर्धारित समयभन्दा २.५ वर्ष थप लाग्ने देखिएको छ ।

आ.व.२०७६।७७ लाई आधार वर्ष मानी आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ७.९७ वर्ष र डिस्काउण्टेड लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १२.३३ वर्ष हुने अनुमान रहेको छ ।

(६) **आयोजनाको कार्य प्रगति विवरण :** आयोजनाको हालको अवस्था लगायत विभिन्न कार्यहरूको मिति २०७९ आषाढ मसान्तसम्मको प्रगति विवरण देहाय बमोजिम रहेको छ ।

सि.नं.	योजना/कार्य	विवरण	प्रगति
१	जग्गा अधिग्रहण	९६ रोपनी १ पैसा १ दाम निजी जग्गा	जग्गा प्राप्ती सम्बन्धी कार्य शतप्रतिशत सम्पन्न भैसकेको ।
२	वन क्षेत्र प्राप्ति र रुख कटान	आयोजनाको लागि आवश्यक ५.१ हेक्टर वन क्षेत्र र १,७८१ वटा रुख कटान	नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७५।०३।१५ मा आयोजना निर्माणको लागि आवश्यक वन क्षेत्र प्रयोग गर्न दिने निर्णय भई आवश्यक वन क्षेत्र प्राप्त गरी सकिएको । जिल्ला वन कार्यालय नुवाकोटको स्वीकृती पश्चात् १,७८१ वटा रुख कटान गरी सामुदायिक उपभोक्ता समितिलाई हस्तान्तरण गरी सकिएको ।
३	पुर्वाधार निर्माण	आवास तथा कार्यालय भवन निर्माण	कुल लागत रु.८,३१,३२,१८२, मिति २०७३।१०।२९ मा सम्पन्न भएको ।
४	टेस्ट अडिट टनेल निर्माण	४६३.६ मिटर लामो ४ मिटर व्यास रहेको टेस्ट अडिट टनेल निर्माण ।	मिति २०७४।०५।०८ मा टेष्ट अडिट टनेलको निर्माण कार्य रु.६,०६,४३,१८६/- मा सम्पन्न भएको । उक्त टनेल हाल Construction Adit को रुपमा प्रयोग गरिएको ।
५	प्रवेश मार्ग	आयोजना स्थलमा सडकको पंहुच रहेको	निर्माण गर्न नपर्ने ।
६	Project Road	Adit 2 तथा Surge Tank जाने सडकको निर्माण	सडकको Earthworks तथा टेवा पर्खाल लगाउने कार्य सम्पन्न भएको ।
७	Mobilization of Contractor	निर्माण उपकरण तथा निर्माण सामग्रीको परिचालन	सम्पूर्ण निर्माण उपकरण तथा अधिकांश निर्माण सामग्री आयोजना स्थलमा परिचालन भई निर्माण कार्य अगाडी बढिरहेको ।
८	विष्फोटक पदार्थको प्रयोग	सम्बन्धित निकायबाट स्वीकृती लिई विष्फोटक पदार्थ खरिद	नेपाली सेनाबाट खरिद गर्ने विस्फोटक पदार्थका लागि मिति २०७५।०५।२१ मा नेपाल सरकार, गृह मन्त्रालयबाट प्राप्त स्वीकृती तथा भारतबाट खरिद गरिने विष्फोटक पदार्थको हकमा नेपाल सरकार गृह मन्त्रालयबाट मिति २०७५/०८/११ मा स्वीकृती प्राप्त भई सम्बन्धित निकायबाट जारी NOC (प्रत्येक छ महिनाको लागि म्याद थप हुँदै आएको) बमोजिम विष्फोटक पदार्थ आपुर्ति गरी आवश्यकता अनुसार निर्माणको काममा प्रयोग हुँदै आएको ।
९	आयोजनाका संरचनाहरुको निर्माण	Headpond Intake & Approach Pressure Conduit	Headpond को Excavation कार्य सम्पन्न भएको । Structural Concreting को कार्य करीब ७५.१४% सम्पन्न भएको । Approach Pressure Conduit को Excavation कार्य सम्पन्न भएको । Structural Concreting को कार्य करीब ८७.२२% सम्पन्न भएको ।
		हेडरेस टनेल	करीव ३,७९६.८५ मि.लम्वाई तथा ५.२~६.१ मि.व्यास रहेको हेडरेस टनेलको हालसम्म ३,३०२.५५ मि. (८६.९८%) Excavation तथा Temporary support गर्ने कार्य सम्पन्न भएको ।
		Surge Tank	Surge Tank को Slope Excavation र Slope Protection को कार्य सम्पन्न भएको । Surge Shaft को Excavation कार्य करीब ८.० मि. (२०.३५%) सम्पन्न भएको । Surge Shaft मा Excavation को लागि आवश्यक Pilot hole निर्माण कार्य सम्पन्न भएको ।
		Penstock	Upper Penstock Tunnel (28.82m), Lower Penstock Tunnel (80.62 m) र Vertical Shaft (66.51m) गरी कुल १७५.९५ मि.लम्बाईको Penstock को Excavation र Temporary support को कार्य सम्पन्न भएको । Penstock Tunnel को Anchor Block foundation र support को कार्य सम्पन्न भएको ।
		Powerhouse	Powerhouse को Slope Support र Excavation कार्य सम्पन्न भएको । Structural Concreting को कार्य करीब २४.६८% सम्पन्न भएको । Powerhouse मा Draft Tube को Installation गर्ने कार्य शुरु भएको ।
		Tailrace Conduit	Tailrace Conduit को Excavation कार्य करीब ८५.६२% सम्पन्न भई सोमा Structural Concreting को कार्य करीब २७.४९ % सम्पन्न भएको ।
१०	प्रसारण लाइन	प्रसारण लाइन	समुन्द्रटार-त्रिशुली ३ बी हब 132 kV Transmission Line को अन्तिम ३ कि. मि. खण्डलाई ४ सर्किट बनाई त्यस मध्ये २ सर्किट यस आयोजनाबाट उत्पादित विद्युत प्रवाह गर्ने व्यवस्था सहित उक्त प्रशारण लाइन समुन्द्रटार त्रिशुली ३ बी हव आयोजना मार्फत सम्पन्न गर्ने गरी भएको MoU अनुसार नेपाल विद्युत प्राधिकरणबाट छुटै निर्माण व्यवसायी मार्फत दुई वटा Tower erection को कार्य सम्पन्न भएको । बाँकी एउटा Tower को निर्माण कार्य Surge Tank को निर्माण सम्पन्न भए पश्चात् गरिने ।
११	हाइड्रो-मेकानिकल तथा इलेक्ट्रो-मेकानिकल	हाइड्रो-मेकानिकल	हाइड्रो-मेकानिकल तर्फ शत प्रतिशत उपकरणहरूको डिजाइन निर्माणको लागि स्वीकृत भई Manufacturing शुरु हुने तयारीमा रहेको ।
		इलेक्ट्रो-मेकानिकल	- इलेक्ट्रो-मेकानिकल तर्फ लगभग ९०% उपकरण हरूको डिजाइन निर्माणको लागि स्वीकृत भईसकेको । - Draft Tube Elbow / Draft Tube Cone को Manufacturing भई निर्माण स्थलमा ल्याई जडान कार्य भईरहेको । Powerhouse EOT Crane र Main Inlet Valve तथा Speed Governer को Manufacturing सम्पन्न भएको । Spiral Case र Power Transformer को Manufacturing कार्य जारी रहेको ।
आयोजनाको समग्र प्रगति प्रतिशत			आयोजनाको २०७९ आषाढ मसान्त सम्मको भौतिक प्रगति ६५.४० प्रतिशत रहेको ।

(७) आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छः

आयोजना स्थल : साविकको मनकामना गा.वि.स., नुवाकोट र लहरेपौवा गा.वि.स., रसुवा (हाल नुवाकोट जिल्लाको किस्पाङ गाउँपालिका र रसुवा जिल्लाको उत्तरगया गाउँपालिका), वागमती प्रदेश
श्रोत नदी : त्रिशुली नदी, रसुवा र नुवाकोट
आयोजनाको किसिम : रन अफ रिभर, माथिल्लो त्रिशुली ३ए को क्यासकेड जलविद्युत आयोजना
विद्युत गृह किसिम : सतही
प्रसारण लाइन : ३ कि.मि., १३२ के.भी.
विद्युत गृह रहने स्थान : नुवाकोट जिल्लाको किस्पाङ गाउँपालिका
बाँध स्थल जलाधार क्षेत्र : ४,५७७ वर्ग कि.मि. (माथिल्लो त्रिशुली ३ ए जलविद्युत आयोजनाको बाँध स्थलमा
वार्षिक औषत बहाव : १९२ घन मिटर प्रति सेकेन्ड
डिजाइन डिस्चार्ज : ५१ घन मिटर. प्रति सेकेण्ड (Q 70 मा आधारित)
औषत वार्षिक उर्जा उत्पादन : २९२.५८ गीगावाट घण्टा
आयोजनाको उत्पादन क्षमता : ३७ मेगावाट
ग्रस हेड : ९० मिटर
सर्ज टैंक : १५ मिटर व्यास ३९.३ मीटर उचाई
हेडरेस सुरुङ्ग : लम्बाई ३,७९६.८५ मिटर र व्यास ५.२ मिटर देखि ६.१ मिटरसम्म
भुमिगत पेनस्टक : लम्बाई १७५.९५ मिटर, व्यास ४.२ मिटर
पावरहाउस : लम्बाई ५५.४४ मिटर, चौडाई १९.३ मिटर, उचाई ३२.३७ मिटर
टर्वाइन : १९.७१५ मेगावाट क्षमताका २ वटा फ्रान्सीस
जेनेरेटर : २२.७०४५ MVA क्षमताका २ वटा जेनेरेटर
औषत वार्षिक उर्जा उत्पादन : २९२.५८ गीगावाट घण्टा
आयोजनाको जडित उत्पादन क्षमता : ३७ मेगावाट
उत्पादन शुरु गर्नु पर्ने मिति : २०७९ फागुन १६ (विद्युत खरिद बिक्री सम्झौता अनुसार) ।
कम्पनीबाट निर्माणाधिन आयोजनामा कोभिड-१९ को महामारीको विभिन्न चरणहरुमा कावु बाहिरको परिस्थितिमा परेकोले नेपाल विद्युत प्राधिकरणबाट मिति २०७९।०४।०४ मा प्रकाशित सूचना वमोजिम RCOD (Required Commercial Operation Date) को म्याद एक वर्ष पुनः थप गरी २०८० फागुन १५ कायम गर्न अनुरोध गरिएकोमा सोको म्याद थपको प्रकृयामा रहेका छ ।
आयोजनाको हालको अनुमानित लागत : रु.८ अर्ब २२ करोड ७४ लाख ४१ हजार (निर्माण अवधिको ब्याज समेत)

(८) **कम्पनी र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौता (PPA) का मुख्य विवरणहरू निम्न बमोजिम रहेका छन् :**

कम्पनीबाट निर्माणाधीन आयोजनाबाट उत्पादन हुने विद्युत खरिद बिक्रीका लागि नेपाल विद्युत प्राधिकरणसँग मिति २०७४/०५/०६ मा सम्झौता भएको छ । उक्त सम्झौता बमोजिम नेपाल विद्युत प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट विद्युत शक्ति उत्पादन गरी उपलब्ध गराएको कन्ट्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४।८० (चार रुपैया असी पैसा मात्र) र सुख्खायाममा प्रति कि.वा. घण्टा रु.८।४० (आठ रुपैया चालिस पैसा मात्र) विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउनेछ । साथै व्यापारिक उत्पादन शुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरी वर्षको ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यवृद्धि दिई विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि)	सुख्खा याम (मंसिर १६ देखि जेष्ठ १५ गतेसम्म रु. प्रति युनिट)	वर्षा याम (जेष्ठ १६ देखि मंसिर १५ सम्म रु.प्रति युनिट)
पहिलो महिनादेखि १२ औं महिनासम्म	८।४०	४।८०
१३ औं महिनादेखि २४ औं महिनासम्म	८।६५	४।९४
२५ औं महिनादेखि ३६ औं महिनासम्म	८।९०	५।०९
३७ औं महिनादेखि ४८ औं महिनासम्म	९।१६	५।२३
४९ औं महिनादेखि ६० औं महिनासम्म	९।४१	५।३८
६१ औं महिनादेखि ७२ औं महिनासम्म	९।६६	५।५२
७३ औं महिनादेखि ८४ औं महिनासम्म	९।९१	५।६६
८५ औं महिनादेखि ९६ औं महिनासम्म	१०।१६	५।८१
९७ औं महिनादेखि सम्झौता अवधिसम्म	१०।४२	५।९५

तर व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यवृद्धि दिइनेछ :

(क) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन भएमा जम्मा ७ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।
(ख) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन भएमा जम्मा ६ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।
(ग) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन भएमा जम्मा ५ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।
(घ) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन भएमा जम्मा ४ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।
(ङ) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ५४ महिनाभन्दा बढी ढिलो हुने भएमा जम्मा ३ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरिद गरेमा सोको हकमा दफा १२.१ अनुसारको खरीद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

मासिक बिलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यापारिक वर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal Hour को विद्युत महसुल दरले उर्जा शुल्क मात्रको हिसाव गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ वा सो रकम मासिक बिलिङ्गमा समायोजन गरिनेछ ।

व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति अगावै आयोजनाको निर्माण तथा परीक्षण कार्य सम्पन्न भएमा प्राधिकरणले आफ्नो Existing ग्रीड प्रणालीमा प्रवाह हुन सक्नेसम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ । यसरी विद्युत लिए वापत दफा १२.१ र १२.२ मा तोकिएको मूल्यमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ ।

(९) **अन्य कुराहरु (लागु हुने हदसम्म) :**

(१) *संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :* जलविद्युत आयोजनाको निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने ।

(२) *प्रयोग भएको वा गरिने प्रविधि :* नुवाकोट र रसुवा जिल्लामा रहेको त्रिशुली नदीको पानी उपयोग गरी जलविद्युत उर्जा उत्पादन गर्न हेडपन्ड, एप्रोच प्रेसर कन्ड्युट, हेडरेस सुरुङ, सर्ज टैंक, पेनस्टक, विद्युतगृह आदी संरचना रहेका छन् । आयोजनाबाट ३७ मे.वा. विद्युत उत्पादन गर्न विद्युतगृहमा १९.७१५ मे.वा.का २ वटा फ्रान्सिस टर्वाइन र २२.७०४५ एम.भी.ए का २ वटा जेनेरेटर जस्ता उपकरणहरुको प्रयोग गरिएको छ ।

(३) *संगठित संस्थाले ओगटेको बजार क्षेत्र :* कम्पनीले वागमती प्रदेश रसुवा तथा नुवाकोट जिल्लामा बहने त्रिशुली नदीको पानी उपयोग गरी उत्पादन गर्ने विद्युतको हालको बजार क्षेत्र नेपाल विद्युत प्राधिकरणसँग भएको सम्झौता बमोजिम नेपालभर रहेको छ । भविष्यमा अन्य आयोजना निर्माण गरेको अवस्था तथा नेपालबाट विद्युत निर्यात हुने अवस्थामा राष्ट्रिय विद्युत प्रसारण लाईन मार्फत अन्य मुलुकमा समेत बजार विस्तार गर्न सकिनेछ ।

(४) *नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :* कम्पनीले एकल रुपमा तथा आफ्नो उद्धेश्यसँग मेल खाने देश भित्र तथा बाहिरका विभिन्न कम्पनीहरूसँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन तथा निर्माण गरी नेपालको जलविद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रुपमा स्थापित हुने लक्ष्य लिएको छ ।

(५) *उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :* कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्री सम्झौता अनुसार राष्ट्रिय विद्युत प्रसारण लाइन मार्फत विक्री वितरण गर्ने व्यवस्था मिलाईएको छ ।

(६) *उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :* कम्पनीबाट निर्माणाधिन माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजनाको उत्पादन क्षमता ३७ मेगावाट रहेको र उत्पादन हुने सवै विद्युत नेपाल विद्युत प्राधिकरणलाई राष्ट्रिय विद्युत प्रसारण लाइन मार्फत बिक्री वितरण गरिनेछ । आयोजनाको निर्माण सम्पन्न हुने मिति २०८०/०६/१४ रहेको छ ।

(७) *कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :* वागमती प्रदेश, नुवाकोट तथा रसुवा जिल्लाको सिमाना भएर बहने त्रिशुली नदीको पानी ।

(८) *गुणस्तर नियन्त्रणको लागि गरिएको व्यवस्था :* आयोजनाको निर्माण अवधीमा गर्नुपर्ने गुणस्तर नियन्त्रणका लागि आयोजनाका इन्जिनियरहरुबाट विदेशी परामर्शदाताको सहयोगमा सम्पूर्ण निर्माण कार्यको अनुगमन तथा नियन्त्रण भइरहेको छ ।

(९) *अनुसन्धान तथा विकास :* कम्पनीको स्थापना भए पश्चात् आफ्नो उद्देश्य अनुसार ३७ मेगावाट क्षमताको माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजनाको अध्ययन/अनुसन्धान पुरा गरी हाल सो आयोजनाको विकास/निर्माण भैरहेको छ ।

(१०) *विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :* विगत १२ महिनाको अवधिमा कम्पनीको संचालनमा असर पर्ने गरी कुनै बाधा व्यवधान नरहेको ।

(११) *मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :* सो नभएको ।

(१२) *बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :* कम्पनीद्वारा निर्माणाधिन आयोजनाबाट विद्युत उत्पादन भए पश्चात् एकमात्र खरिदकर्ता नेपाल विद्युत प्राधिकरण रहने गरी विद्युत खरीद विक्री सम्झौता भएको ।

(१३) *प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :* कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१४) *प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :* आयोजना हाल निर्माणाधिन अवस्थामा रहेको र निर्माण सम्पन्न गर्नका लागि निम्न बमोजिम ठेक्का सम्झौता भएको ।

(क) आयोजनाको परामर्श सेवा कार्यका लागि परामर्शदाता M/S ELC Electroconsult S.p.A. (Italy) in association with Soil Test Pvt. Ltd., Nepal सँग मिति २०७१/१२/०६ मा ठेक्का सम्झौता भई कार्य सम्पादन हुँदै आईरहेको ।

(ख) आयोजनाको सिभिल, हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल कार्यका लागि ठेकेदार M/S Shuifa ANHE Group Co. Ltd, China (Previously M/S Sichuan ANHE Hydraulic and Hydroelectric Engineering Company Ltd.) सँग मिति २०७४/१०/२९ मा EPC ठेक्का सम्झौता भई हाल निर्माण कार्य भईरहेको ।

(ग) आयोजनाको ट्रान्समिसन लाईन निर्माण कार्यको खर्च नेपाल विद्युत प्राधिकरणले ४५ प्रतिशत र कम्पनीले ५५ प्रतिशत व्यहोर्ने गरी मिति २०७१/०६/३० मा सम्झौता भएको ।

सम्पत्तिको विवरण :

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** हाल कम्पनीबाट प्रवर्द्धन भईरहेका माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजनाको निर्माण कार्य भैरहेको छ । आ.व. २०७८/७९ सममा कम्पनीबाट निर्माणाधिन आयोजनाको नाममा सृजना भईसकेको चल अचल सम्पत्ति सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

सि.नं.	सम्पतिको विवरण	खुद सम्पत्ति रकम (रु.हजारमा)	सम्पत्ति रहेको स्थान	सम्पत्तिको अवस्था
१.	जग्गा	८३,१२८	आयोजना स्थल, नुवाकोट तथा कम्पनीको मुख्य कार्यालय, काठमाण्डौं स्थित रहेको ।	चालु अवस्थामा रहेको
२.	कार्यालय भवन तथा आवास गृह	७४,८३३		चालु अवस्थामा रहेको
३.	कार्यालय सामाग्री	५,९५०		चालु अवस्थामा रहेको
४.	फर्निचर तथा फिक्चर	१,९४५		चालु अवस्थामा रहेको
५.	सवारी साधन	४,८८१		चालु अवस्थामा रहेको
६.	११ केभी वितरण लाइन	४८७		चालु अवस्थामा रहेको
७.	ट्रान्सफर्मर तथा TOD Meter	३९६		चालु अवस्थामा रहेको
८.	विविध सम्पत्ति	४१५		चालु अवस्थामा रहेको
	जम्माः	१,७२,०३५		

(ख) **बुँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :** आयोजनाको भौतिक संरचनाहरु निर्माण प्रयोजनका लागि कम्पनीले स्थानीय व्यक्तिहरुका नाममा दर्ता कायम रहेको जम्मा क्षेत्रफल ९६-०-१-१ (छयानब्बे रोपनी एक पैसा एक दाम) जग्गा अधिग्रहण गरी कम्पनीको स्वामित्वमा रहेको छ । त्यसै गरी मिति २०७५ आषाढ १५ गते नेपाल सरकार, मन्त्रि परिषदबाट निर्णय भई २०७५ आषाढ २६ मा जिल्ला वन कार्यालय नुवाकोट र यस कम्पनी बीच भएको द्विपक्षीय सम्झौता वमोजिम आयोजनाका लागि आवश्यक वन क्षेत्रको ५.१ हेक्टर जग्गा ३० वर्षको अवधिसम्म प्रयोग गर्नको लागि अनुमति लिईएको छ । त्यसैगरी आयोजनाको मुख्य सुरुङको माथि सुकेरा खोलाको दायाँ अर्चलेमा सुरुङ निर्माणको क्रममा खाल्डो पर्न गएकोले त्यहाँ थप क्षति हुन नदिन उक्त स्थानमा पर्ने स्थानीयको जम्मा क्षेत्रफल ९-४-३-० रोपनी जग्गा ५ वर्षको लागि लिज लिई संरक्षणको कार्य गरिएको छ ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** सहवित्तीयकरण कर्जा अन्तर्गत नबिल बैंक.लि.को अगुवाइ र हाइड्रोइलेक्ट्रोसीटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेन्ट कम्पनी लि.को सह अगुवाइ र नेपाल बैंक लि. सदस्य रहेको सहवित्तीयकरण समूहबाट ऋण प्राप्त गर्न मिति २०७५/०५/०४ मा भएको द्विपक्षीय ऋण सम्झौता बमोजिम ऋण रकम र सोको ब्याज तथा अन्य दैदस्तुर समेत खाम्ने गरी सुरक्षण बापत कम्पनीको नाममा हाल रहेको र पछि सिर्जना हुने आयोजनाको चल अचल सम्पत्ति तथा त्रिशुली जलविद्युत कम्पनी लि.को नाममा रहेको नुवाकोट तथा रसुवा जिल्ला स्थित ३७ मेगावाट क्षमताको माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजना सहवित्तियकरण समूहको नाममा दृष्टिबन्धकको प्रकृयामा रहेको छ ।

७. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

यस कम्पनीको प्रवन्धपत्र नियमावली अनुसार ७ जना सञ्चालक रहेको सञ्चालक समिति रहने ब्यवस्था छ । तर संस्थापक बाहेक अन्य समूहमा शेयर विक्री भए पछि शेयरको अनुपातमा निर्वाचित वा मनोनयन हुने गरी सञ्चालक निम्न अनुसार ७ (सात) जना रहने व्यवस्था गरिएको छ ।

१. समूह “क” मा रहने संस्थापक समूहको सञ्चालक	
(अ) नेपाल विद्युत प्राधिकरणबाट मनोनित	२ जना
(आ) नेपाल दुरसंचार कम्पनी लिमिटेडबाट मनोनित	२ जना
२. समूह “ख” मा रहने सर्वसाधारण समूहबाट निर्वाचित	२ जना
३. साधारण सभाबाट नियुक्त स्वतन्त्र सञ्चालक	१ जना

तर यस कम्पनीको साधारण समूहका लागि साधारण शेयर निष्काशन गरी सञ्चालकको निर्वाचन नभएसम्मका लागि निम्न सञ्चालक रहेको सञ्चालक समिति रहने छ :

(क) नेपाल विद्युत प्राधिकरणबाट मनोनित	३ जना
(ख) नेपाल दूरसंचार कम्पनी लिमिटेडबाट मनोनित	३ जना
(ग) स्वतन्त्र सञ्चालक (जलविद्युत बिज्ञ)	१ जना

८. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

१. **अधिकृत पूँजी (Authorised Capital) :**
कम्पनीको अधिकृत पूँजी रु.२,५०,००,००,०००/- (अक्षेरेपी रु. दुई अर्ब पचास करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००/- दरका २,५०,००,००० (दुई करोड पचास लाख मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

२. **जारी पूँजी (Issued Capital) :**
कम्पनीको जारी पूँजी रु.२,४७,००,००,०००/- (अक्षेरेपी रु. दुई अर्ब सत्चालिस करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००/- दरका २,४७,००,००० (दुई करोड सत्चालिस लाख मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

३. **चुक्ता पूँजी (Paid up Capital) :**
कम्पनीको चुक्ता पूँजी रु.१,५१,९०,५०,०००/- (अक्षेरेपी रु. एक अर्ब एकाउन्न करोड नब्बे लाख पचास हजार मात्र) चुक्ता भैसकेको छ । यस विवरण मार्फत थप रकम माग गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,८५,२५,००,०००/- (अक्षेरेपी रु. एक अर्ब पचासी करोड पच्चिस लाख मात्र) हुनेछ ।

९. निष्कासन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको पूँजी संरचना देहाय बमोजिम रहने छ :

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	पूँजी संरचना	चुक्ता पूँजी रकम रु.	भुक्तानी प्रतिशत
“क”	संस्थापक सेयरधनी समुह	७४,१०,०००	३०%	७४,१०,००,०००/-	शत प्रतिशत
“क”	संस्थापक सेयरधनी समुह	७४,१०,०००	३०%	७४,१०,००,०००/-	शत प्रतिशत
“ख”	सर्वसाधारण (कम्पनीका कर्मचारीहरु समेत)	३७,०५,०००	१५%	३७,०५,००,०००/-	शत प्रतिशत
	जम्मा	१,८५,२५,०००	७५%	१,८५,२५,००,०००/-	

१०. संस्थापक/सञ्चालकको पृष्ठभूमि :

आधारभुत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव : कम्पनीको सबै संस्थापक संगठित संस्था रहेका छन् । संस्थापकको नाम, ठेगाना र शेयर स्वामित्व देहाय बमोजिम रहेको छ ।

सि.नं.	संस्थापक शेयरधनीहरु	ठेगाना	शेयर स्वामित्व (कित्ता)
१	श्री नेपाल विद्युत प्राधिकरण	दरवार मार्ग, काठमाडौं	७४,१०,०००
२	श्री नेपाल दूरसंचार कम्पनी लिमिटेड	भद्रकाली प्लाजा, काठमाडौं	७४,१०,०००

संचालकहरुको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	कार्यानुभव	प्रतिनिधित्व गर्ने संस्था
१	श्री कुल मान घिसिङ्ग	अध्यक्ष	५२	नेपाली	बेथान, रामेछाप	-	M.SC - Power System, EMBA	नेपाल विद्युत प्राधिकरणमा २८ वर्षदेखि कार्यरत हाल कार्यकारी निर्देशक ।	नेपाल विद्युत प्राधिकरण
२	श्री प्रतिभा वैद्य	सञ्चालक	५६	नेपाली	सानेपा, ललितपुर	-	B.E. - Electrical	नेपाल दूरसञ्चार कम्पनी लि. मा ३१ वर्षदेखि कार्यरत । हाल प्रमुख प्राविधिक अधिकृत (CTO)	नेपाल दूरसञ्चार कम्पनी लि.
३	श्री संगीता पहाडी	सञ्चालक	५५	नेपाली	जोरपाटी-३, काठमाडौं	-	M.E. - Telecommunication	नेपाल दूरसञ्चार कम्पनी लि. मा २९ वर्षदेखि कार्यरत हाल प्रमुख व्यवसायीक अधिकृत (CCO)	नेपाल दूरसञ्चार कम्पनी लि.
४	श्री राजेन्द्र श्रेष्ठ	सञ्चालक	५५	नेपाली	किर्तिपुर, काठमाण्डौ	-	MBA	नेपाल दूरसञ्चार कम्पनी लि. मा ३१ वर्षदेखि कार्यरत । हाल प्रमुख वित्तिय अधिकृत (CFO)	नेपाल दूरसञ्चार कम्पनी लि.
५	श्री मदन तिम्सिना	सञ्चालक	५२	नेपाली	लोकन्थली, भक्तपुर	-	ME in Mechanical Engineering	नेपाल विद्युत प्राधिकरणमा २५ वर्षदेखि कार्यरत । हाल निर्देशक ।	नेपाल विद्युत प्राधिकरण
६.	श्री मोहन प्रसाद गौतम	प्रवन्ध सञ्चालक	५४	नेपाली	काठमाण्डौं-१०, बुद्धनगर	-	M.SC - Civil Engineering	बुटवल पावर कम्पनी लि.मा ५ वर्ष र नेपाल विद्युत प्राधिकरणमा १९ वर्ष गरी जलविद्युत क्षेत्रमा २४ वर्षको कार्यानुभव, हाल त्रिशुली जल विद्युत कम्पनीको प्रवन्ध सञ्चालक ।	नेपाल विद्युत प्राधिकरण

नोटः सूचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ को पालना भएको व्यहोरा जानकारी गराईन्छ ।

११. संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	नाम तथा पद	पद	योग्यता	कार्यानुभव	शेयर संख्या
१	श्री मोहन प्रसाद गौतम	प्रवन्ध सञ्चालक	M.Sc. - Civil Engineering	● बुटवल पावर कम्पनी लि.मा ५ वर्ष र नेपाल विद्युत प्राधिकरणमा १९ वर्ष गरी जलविद्युत क्षेत्रमा २४ वर्षको कार्यानुभव ● नेपाल विद्युत प्राधिकरणमा १९ वर्षदेखि विभिन्न पदमा रही मिति २०७३ श्रावणबाट त्रिशुली जल विद्युत कम्पनी लि.मा काजमा रही कार्य गरिरहु भएको ।	१,६६० (सर्वसाधारण समूहको लागि बाँडफाँट गरिएको शेयरमा कम्पनीका कर्मचारीलाई आरक्षण गरिएको) ।
२.	श्री आनन्द ढुंगेल	आयोजना प्रमुख	M.Sc. - Water Resources Engineering	● ने.वि.प्रा.मा १८ वर्ष र अन्य संस्थामा २ वर्ष गरी २० वर्ष जलविद्युत आयोजनाको अध्ययन तथा निर्माण कार्य सम्बन्धी अनुभव ● २०७३ माघदेखि हालसम्म नेपाल विद्युत प्राधिकरणबाट यस कम्पनीमा काजमा रही कार्य गरिरहु भएको ।	१,६५३ (सर्वसाधारण समूहको लागि बाँडफाँट गरिएको शेयरमा कम्पनीका कर्मचारीलाई आरक्षण गरिएको) ।
३	श्री राजेन्द्र थापा	लेखा प्रमुख	MBS	● २०५० देखि २०७६ कात्तिकसम्म नेपाल विद्युत प्राधिकरणमा विभिन्न पदमा रही वित्तीय क्षेत्रमा कार्य गरेको कार्यानुभव ● २०७६ मंसिरदेखि विद्युत प्राधिकरणबाट यस कम्पनीमा काजमा रही मिति २०७८/१२/३० देखि कम्पनीको लेखा प्रमुखको रुपमा कार्यरत ।	छैन ।
४	श्री धन वहादुर जि.सी.	प्रशासन प्रमुख/कम्पनी सचिव	MPA	● २०६१ देखि २०७४ फाल्गुनसम्म नेपाल विद्युत प्राधिकरणमा विभिन्न पदमा रही प्रशासनिक क्षेत्रमा कार्य गरेको कार्यानुभव ● २०७४ चैत्रदेखि नेपाल विद्युत प्राधिकरणबाट यस कम्पनीमा काजमा रही मिति २०७६/११/१२ देखि कम्पनी सचिवको रुपमा कार्यरत ।	१,६५३ (सर्वसाधारण समूहको लागि बाँडफाँट गरिएको शेयरमा कम्पनीका कर्मचारीलाई आरक्षण गरिएको) ।

नोटः उपरोक्त बमोजिमका कर्मचारीहरु अन्य कुनै संगठित संस्थाको आधारभुत शेयरधनी नरहेको तथा अन्य कुनै कम्पनीमा लगानी नरहेको ।

१२. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

संगठित संस्थाले वहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा वाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने ।

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**
- सञ्चालनमा आइनसकेको हुँदा र निर्माण चरणमा नै भएकोले निर्माण लागत बढ्न गई हुने वित्तीय जोखिम रहेको ।
- जलविद्युत आयोजना निर्माणाधिन रहेपनि ऋण प्रदान गर्ने संस्था (नविल बैंक लि., हाइड्रोइलेक्ट्रोसीटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेन्ट कम्पनी लि. र नेपाल बैंक लि.) बाट निर्माणमा लाग्ने लागत दिने सहमति तथा प्रतिबद्धता समेत आएको भएतापनि लागत वृद्धिको अनुपातमा ऋण प्राप्त नभएमा वित्तीय जोखिम पर्न सक्ने ।
- काबु वाहिरको दैवि प्रकोपका जोखिम सदा रहि रहने ।

(ख) **कच्चा पदार्थको अभाववाट हुने जोखिम :**
- जलस्रोतको मुहानको वातावरणमा अप्रत्यासित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने सम्भावना भएको भएतापनि लामो अवधीको हाईड्रोलोजीको डाटाको अध्ययन तथा विश्लेषणका आधारमा पानीको वहाव तय भएको हुँदा उल्लेखित जोखिमको सम्भावना न्युन रहेको ।
- जलविद्युत आयोजनाको अध्ययनको क्रममा दीर्घकालिन तथ्याङ्क समेत अध्ययन तथा विश्लेषण गरिएको हुनाले सामान्य अवस्थामा यस्तो जोखिम नरहने ।

(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
- यस आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भई सकेको हुनाले यस्तो जोखिम नहुने ।
- नेपाल विद्युत प्राधिकरण पुर्णतः नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत बिक्रीबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको ।
- हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :** हालको कार्यतालिका अनुसार आयोजना निर्माणमा केही ढिलाई हुने देखिएकोले निर्माण अवधि वढ्दा निर्माण अवधिको ब्याज समेत वढ्न जाने हुँदा निर्माण लागत केही वढ्न सक्ने देखिएकोले सो सम्बन्धी केही हदसम्म जोखिम रहेको ।

(ङ) **विदेशी विनिमयको जोखिम :** आयोजनाको अनुमानित लागत तयार पारेको समयभन्दा हाल विदेशी मुद्राको तुलनामा नेपाली मुद्राको अवमूल्यन भएको कारणबाट आयोजनाको निर्माण लागत वढ्न सक्ने हुँदा सो सम्बन्धी केही हदसम्म जोखिम रहेको ।

(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :** हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा हुने जोखिम ।
- जलविद्युत उपकरणहरु आयात सम्बन्धी नीतिहरु परिवर्तनबाट हुने जोखिमहरु ।

(झ) **सञ्चालन इतिहासको अभाव :** संस्थापक संगठित संस्थाहरु विगत लामो समय देखिनै यस प्रकारको आयोजना निर्माण तथा विद्युत उत्पादन गर्दै आईरहेकोले सञ्चालन ईतिहासको अभाव नहुने ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :** पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने उर्जा वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत आयोजना भन्दा पानीबाट उत्पादन हुने विद्युत आयोजनाहरुको जोखिम कम रहेको छ । तथापी भविष्यमा उच्च प्रविधिको विकास भई अन्य श्रोतबाट सस्तो दरमा विद्युत उत्पादन भएमा भने केही हदसम्म यस ब्यवसायमा असर पार्ने जोखिम रहेको छ ।

(ट) **पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम :**
आयोजना निर्माणका लागि सम्पूण पूर्वाधारहरु निर्माण भईसकेकाले यस सम्बन्धि जोखिम नरहेको ।

(ठ) **अन्य :**
- दैवि प्रकोप तथा काबु बाहिरको परिस्थिति उत्पन्न भई आयोजना निर्माण कार्यमा ढिलाई भएमा आयोजनाको लागत वढ्नुका साथै उत्पादन घाटा हुनसक्ने ।
- जलविद्युत आयोजना निर्माण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसबाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका लागि आयोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी बीमाको व्यवस्था गरिएको ।
- जलवायु परिवर्तनबाट खोलामा पानीको वहावमा थप घट हुन गई तद्अनुरुप विद्युत उत्पादनमा घटवढ हुन सक्ने ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्युनिकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ ।

नेपालमा उर्जा शक्तिको माग धेरै तथा आपूर्ति न्युन रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता कहिल्यै कम नहुने र जलविद्युतको लगानीमा न्युन जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ । पानीबाट उत्पादन हुने नविकरणीय उर्जाले वातावरणमा प्रतिकुल असर नपार्ने । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतमा वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युतभन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनामा जोखिम नरहेको धारणा व्यवस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमलाई न्युनिकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्युनिकरण गर्न कम्पनी अन्तर्गतका सम्पूर्ण संरचनाहरुको निर्माण व्यवसायीबाट CAR अन्तर्गत विदेशी मुद्रातर्फ अमेरिकी डलर ३,१८,४७,८३८।६२ र नेपाली मुद्रातर्फ रु.१,९१,४६,१९,४७२।७३ बराबरको बीमा जनरल इनयोरेन्स कम्पनी नेपाल लिमिटेड (GIC) मा गरिएको । साथै कम्पनीको स्वामित्वमा रहेका सम्पत्तिहरुको आगलागी, चोरी डकैती, दुर्घटना, आतंकवाद लगायत तेस्रो पक्ष समेत समेटिने गरी प्रिमियर ईन्स्योरेन्स कम्पनी लि. सँग विभिन्न मितिहरुमा वार्षिक बीमा गरिएको ।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम : रु.१००/- प्रति शेयरका दरले हुन आउने रकमको १० प्रतिशत अग्रिम भुक्तानीका लागि निष्काशन गरिएको हुनाले रु.१००/- प्राप्त गरेपछि मात्र शेयरको सुचिकरण गरिनेछ । रु.१००/- प्रति शेयरका दरले निश्कासन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार नभएसम्म मूल्यमा हुने परिवर्तनको जोखिम रहेको छैन ।

१३. सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा-नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :

वासलात

(रकम रु.हजारमा)

विवरण	वास्तविक			अपरिष्कृत
	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९
सम्पत्ति				
गैर चालु सम्पत्ति				
खुद स्थिर सम्पत्ति	२,०४,९४८	१,९२,०८५	१,८४,७२३	१,७२,०३५
चालु पूँजीगत कार्य (आयोजनामा लगानी)	१०,१९,६१९	१६,६०,९६५	२०,३१,३१६	३७,९३,११८
अग्रिम भुक्तानी	२४,१७६	४५४	२,३२	२३२
पेश्की, सापटी र धरौटी	४,८८,०३६	४,८५,४६७	४,७१,४२५	५,१६,३७३
जम्मा गैर चालु सम्पत्ति	१७,३६,७७९	२३,३८,९७२	२६,८७,६९६	४४,८१,७५९
चालु सम्पत्ति				
जिन्सी मौज्दात	४६	४९	३७	४६
अग्रिम भुक्तानी	४०६	२२०	३९४	८१४
व्यापारिक तथा अन्य प्राप्य रकम	-	-	-	-
नगद र अन्य मौज्दात	२,५६,१९६	११,३५८	१२,८१५	१,२०,६५८
पेश्की, सापटी र धरौटी	३,०१७	२,०३७	१५,७६४	३७,८०८
स्थगन कर सम्पत्ति	२,३४६	२,४७३	२,४७५	२,४७५
जम्मा चालु सम्पत्ति	२,६२,०११	१६,१३६	३१,४८६	१,६१,८००
जम्मा सम्पत्ति	**१९,९८,७९१**	**२३,५५,१०८**	**२७,१९,१८२**	**४६,४३,५६०**
पूँजी र दायित्व				
पूँजी तथा जगेडा कोष				
शेयर पूँजी	१५,१९,०५०	१५,१९,०५०	१५,१९,०५०	१५,१९,०५०
जगेडा कोष र सन्चित नाफा	(९१,८९९)	(१,०६,१५८)	(१,३८,९०५)	(१,६१,३४६)
जम्मा पूँजी तथा जगेडा कोष	१४,२७,१५१	१४,१२,८९२	१३,८०,१४५	१३,५७,७०४
गैर चालु दायित्व				
सुरक्षित ऋण	-	८,०१,४७९	९,५३,६५९	२८,७१,६९०
व्यापीरक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम	४,२१४	५३,०३२	५७,८४३	१,२३,९००
स्थगन कर सम्पत्ति	७६१	-	-	-
व्यवस्थाहरु	-	२,०८२	२,९०५	२,९०५
जम्मा गैर चालु दायित्व	४,९७५	८,५६,५९२	१०,१४,४०७	२९,९८,४९५
चालु दायित्व र ब्यवस्था				
अल्पकालीन सापटी			१,४०,०००	-
ब्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम	५,६६,६६५	८५,६२३	१,८४,६२९	२,८७,३६१
ब्यवस्थाहरु - लाभांश	-	-	-	-
ब्यवस्थाहरु - अन्य	-	-	-	-
जम्मा चालु दायित्व	५,६६,६६५	८५,६२३	३,२४,६२९	२,८७,३६१
जम्मा पूँजी र दायित्व	**१९,९८,७९१**	**२३,५५,१०८**	**२७,१९,१८२**	**४६,४३,५६०**

आय व्यय विवरण

(रकम रु.हजारमा)

विवरण	वास्तविक			अपरिष्कृत
	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९
बिक्री आम्दानी	-	-	-	-
बिक्रीको लागत	-	-	-	-
मोटामोटी नाफा	-	-	-	-
अन्य आम्दानी	११,१०८	९६६	८५	-
खर्चहरु				
कर्मचारी खर्च	१०,३०७	१७,००४	१६,४६४	१९,७२०
ह्रास खर्च	६,६६९	३,५८५	३,२१८	३,१५३
प्रशासकीय खर्च	१७,१४९	९,२६३	१०,३३२	१०,३६७
विदेशी मुद्रा विनिमय (नाफा)/नोक्सान	९,४५३	(१३,८६६)	२,८१८	(१०,७९८)
बिमा खर्च	-	-	-	-
सञ्चालनबाट नाफा/(नोक्सान)	(३२,४७०)	(१५,०२०)	(३२,७४७)	(२२,४४१)
ब्याज खर्च	-	-	-	-
आयकर कट्टी गर्नु अघिको नाफा	(३२,४७०)	(१५,०२०)	(३२,७४७)	(२२,४४१)
आयकर	-	-	-	-
स्थगन कर	(७७७)	(७६१)	-	-
आयकर कट्टी गरे पछिको खुद नाफा/(नोक्सान)	(३१,६९२)	(१४,२५९)	(३२,७४७)	(२२,४४१)

नाफा-नोक्सान बाँडफाँड हिसाब

(रकम रु.हजारमा)

विवरण	वास्तविक			अपरिष्कृत
	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९
यस वर्षसम्मको सञ्चित मुनाफा	-	-	-	-
यस वर्षको मुनाफा	-	-	-	-
अन्य समायोजन	१७,७२३	-	-	-
जम्मा :	१७,७२३	-	-	-
यस वर्षसम्मको सञ्चित नोक्सानी	७७,९२९	९१,८९९	१,०६,१५८	१,३८,९०५
यस वर्षको नोक्सानी	३१,६९२	१४,२५९	३२,७४७	२२,४४१
जम्मा :	१,०९,६२२	१,०६,१५८	१,३८,९०५	१,६१,३४६
सञ्चित मुनाफा/(नोक्सान) :	(९१,८९९)	(१,०६,१५८)	(१,३८,९०५)	(१,६१,३४६)

नगद प्रवाह आषाढ मसान्त

(रकम रु.हजारमा)

	विवरण	वास्तविक			अपरिष्कृत
		आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९
	सञ्चालन गतिविधिको नगद प्रवाह				
	आयकर अगाडीको खुद नाफा/(नोक्सान)	(३२,४७०)	(१५,०२०)	(३२,७४७)	(२२,४४१)
	समायोजन				
	१. ह्रास कट्टी	९,२३४	३,५८५	३,२१८	३,१५३
	कार्यशिल पूँजीको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह				
	१. मौज्दातमा भएको कमी/(वृद्धि)	(२)	(३)	१२	(९)
	२. अग्रिम भुक्तानी भएको कमी/(वृद्धि)	(२३,३२३)	२३,९०९	४७	(४१९)
	३. ब्यापारिक तथा अन्य प्राप्य रकममा भएको कमी/(वृद्धि)	-	-	-	-
	४. पेश्की, सापटी, धरौटी रकममा भएको कमी/(वृद्धि)	(४,००,०९६)	३,५४९	३१४	(६६,९९२)
	५. स्थगन कर सम्पत्ति तथा दायित्वमा कमी/(वृद्धि)	(१,६१६)	(१२७)	(२)	
	६. ब्यवस्थाहरुमा भएको कमी/(वृद्धि)	-	१,१५०	८२३	
	७. ब्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम कमी/(वृद्धि)	५,४५,२१५	(४,३१,२९२)	१,०३,८१८	१,६८,७८८
	८. अल्पकालीन सापटी तथा ऋण रकममा भएको कमी/(वृद्धि)	-	८,०१,४७९	२,९२,१८०	१७,७८,०३१
	सञ्चालन गतिविधिबाट नगद प्रवह	९६,९४२	३,८७,२२९	३,६७,६६४	१८,६०,१११
	वित्तीय खर्च				
	अन्य समायोजन	१७,७२३	-	-	-
(क)	सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह	१,१४,६६५	३,८७,२२९	७,६४,७९७	३७,३९,९३९
	लगानी गतिविधिबाट खुद नगद प्रवाह				
	१. स्थिर सम्पत्ति (थप) घट	(१८,८२३)	(२,८७४)	(७,२२०)	(१,७०६)
	२. आयोजनामा लगानी	(६,६१,१०९)	(६,२९,१९३)	(३,५८,९८६)	(१७,५०,५६२)
(ख)	लगानी गतिविधिबाट खुद नगद प्रवाह	(६,७९,९३१)	(६,३२,०६७)	(३,६६,२०७)	(१७,५२,२६८)
	वित्तीय गतिविधिको नगद प्रवाह				
	१. शेयर पूँजीको निष्काशन	६,३९,०५०	-	-	-
	२. लाभांश भुक्तानी				
(ग)	वित्तीय गतिविधिबाट खुद नगद प्रवाह	६,३९,०५०	-	-	-
	नगदमा भएको कुल वृद्धि/(कमी) (क + ख + ग)	७३,७८४	(२,४४,८३८)	१,४५७	१,०७,८४३
	वर्षारम्भमा नगद तथा बैंक मौज्दात	१,८२,४१२	२,५६,१९६	११,३५८	१२,८१५
	वर्षान्तमा नगद तथा बैंक मौज्दात :	२,५६,१९६	११,३५८	१२,८१५	१,२०,६५८

१४. आगामी चार वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाब तथा नेटवर्थ सम्बन्धी विवरण :

वासलात

(रकम रु.हजारमा)

विवरण	प्रक्षेपित			
	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
सम्पत्ति				
गैर चालु सम्पत्ति				
खुद स्थिर सम्पत्ति	१,६७,९३२	७६,५३,४७६	७३,४८,९०७	७०,४३,९५०
चालु पूँजीगत कार्य (आयोजनामा लगानी)	६८,८४,१५१	-	-	-
अग्रिम भुक्तानी	२५६	२८१	३०९	३४०
पेश्की, सापटी र धरौटी	७७,०१३	१,४९७	१,६४७	१,८१२
जम्मा गैर चालु सम्पत्ति	७१,२९,३५२	७६,५५,२५५	७३,५०,८६३	७०,४६,१०२
चालु सम्पत्ति				
जिन्सी मौज्दात	४८	२०,०५०	२१,०५३	२२,१०५
अग्रिम भुक्तानी	२८१	८,७४२	९,१७९	९,६३८
व्यापारिक तथा अन्य प्राप्य रकम	-	२,९९,७३२	३,०८,७२४	३,१७,९८६
नगद र अन्य मौज्दात	३,६३,२०६	६,५४,०६२	१३,९१,५४०	१५,३३,७४०
पेश्की, सापटी र धरौटी	१९,०७५	२०,९८२	२३,०८१	२५,३८९
स्थगन कर सम्पत्ति	२,४७५	२,४७५	२,४७५	२,४७५
जम्मा चालु सम्पत्ति	३,८५,०८४	१०,०६,०४४	१७,५६,०५२	१९,११,३३३
जम्मा सम्पत्ति	७५,१४,४३६	८६,६१,२९८	९१,०६,९१५	८९,५७,४३५
पूँजी र दायित्व	-	-	-	-
पूँजी तथा जगेडा कोष				
शेयर पूँजी	२४,७०,०००	२४,७०,०००	२४,७०,०००	२४,७०,०००
जगेडा कोष र सन्चित नाफा	(१,९६,६९७)	३,८५,५५७	८,१८,५०३	१०,८७,३८४
जम्मा पूँजी तथा जगेडा कोष	२२,७३,३०३	२८,५५,५५७	३२,८८,५०३	३५,५७,३८४
गैर चालु दायित्व				
सुरक्षित ऋण	४६,८१,४१२	५५,१०,४८१	५१,४५,६९७	४७,४०,५२४
ब्यापीरक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	२,४०,५७३	२,६४,६३१	२,६३,२०१	-
स्थगन कर सम्पत्ति	-	-	-	-
व्यवस्थाहरु	३,०५१	३,२०३	३,३६३	३,५३२
जम्मा गैर चालु दायित्व	४९,२५,०३६	५७,७८,३१४	५४,१२,२६१	४७,४४,०५६
चालु दायित्ज र ब्यवस्था				
अल्पकालीन सापटी				
ब्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम	३,१६,०९७	२७,४२७	३५,६५१	-
ब्यवस्थाहरु - लाभांश	-	-	३,७०,५००	३८,४९५
ब्यवस्थाहरु - अन्य	-	-	-	६,१७,५००
जम्मा चालु दायित्व	३,१६,०९७	२७,४२७	४,०६,१५१	६,५५,९९५
जम्मा पूँजी र दायित्वः	७५,१४,४३६	८६,६१,२९८	९१,०६,९१५	८९,५७,४३५

आय व्यय विवरण

(रकम रु.हजारमा)

विवरण	प्रक्षेपित			
	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
बिक्री आम्दानी	-	१५,६९,९४५	१९,३२,०००	१९,८९,९६०
बिक्रीको लागत	-	१,२८,७९१	१,६३,००८	१,७४,०००
मोटामोटी नाफा	-	१४,४१,१५४	१७,६८,९९२	१८,१५,९६०
अन्य आम्दानी	-	-	-	-
खर्चहरु				
कर्मचारी खर्च	२१,६९२	३५,५०६	४२,३१६	४६,५९९
ह्रास खर्च	२,७७४	३,०६,६७४	३,०५,४१९	३,०४,९५८
प्रशासकीय खर्च	१०,८८५	११,४२९	१२,००१	१२,६०१
विदेशी मुद्रा विनिमय नाफा/(नोक्सान)	-	-	-	-
बिमा खर्च	-	२५,२९९	३३,७३२	३३,७३२
सञ्चालनबाट नाफा/(नोक्सान)	(३५,३५१)	१०,६२,२४६	१३,७५,५२५	१४,१८,०७०
ब्याज खर्च		४,७९,९९२	५,७२,०७९	५,३१,६८९
आयकर कट्टी गर्नु अघिको नाफा	(३५,३५१)	५,८२,२५४	८,०३,४४६	८,८६,३८१
आयकर	-	-	-	-
स्थगन कर	-	-	-	-
आयकर कट्टी गरे पछिको खुद नाफा/(नोक्सान)	(३५,३५१)	५,८२,२५४	८,०३,४४८	८,८६,३८१

नाफा नोक्सान बाँडफाँड हिसाब

(रकम रु.हजारमा)

विवरण	प्रक्षेपित			
	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
यस वर्षसम्मको सञ्चित मुनाफा	-	-	३,८५,५५७	८,१८,५०३
यस वर्षको मुनाफा	-	५,८२,२५४	८,०३,४४६	८,८६,३८१
अन्य समायोजन	-	-	-	-
जम्माः		५,८२,२५४	११,८९,००३	१७,०४,८८४
यस वर्षसम्मको सञ्चित नोक्सानी	१,६१,३४६	१,९६,६९७	-	-
यस वर्षको नोक्सानी	३५,३५१	-	-	-
साधारण जगेडा कोष	-	-	-	-
प्रस्तावित लाभांश	-	-	३,७०,५००	६,१७,५००
प्रस्तावित बोनस शेयर	-	-	-	-
पूँजीकरण गरिएको निर्माण अवधिका खर्च	-	-	-	-
अन्य	-	-	-	-
जम्माः	१,९६,६९७	१,९६,६९७	३,७०,५००	६,१७,५००
सञ्चित मुनाफा/(नोक्सान)	(१,९६,६९७)	३,८५,५५७	८,१८,५०३	१०,८७,३८४

नगद प्रवाह विवरण

(रकम रु.हजारमा)

	विवरण	प्रक्षेपित			
		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
	सञ्चालन गतिविधिको नगद प्रवाह				
	आयकर अगाडीको खुद नाफा/(नोक्सान)	(३५,३५१)	५,८२,२५४	८,०३,४४६	८८६३८१
	समायोजन				
	१. ह्रास कट्टी	२,७७४	३,०६,६७४	३,०५,४१९	३०४९५८
	कार्यशिल पूँजीको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह				
	१. मौज्दातमा भएको कमी/(वृद्धि)	(२)	(२०,००२)	(१,००३)	(१०५३)
	२. अग्रिम भुक्तानी भएको कमी/(वृद्धि)	५१०	(८,४८७)	(४६५)	(४९०)
	३. ब्यापारिक तथा अन्य प्राप्य रकममा भएको कमी/(वृद्धि)	-	(२,९९,७३२)	(८,९९२)	(९२६२)
	४. पेश्की, सापटी, धरौटी रकममा भएको कमी/(वृद्धि)	४,५८,०९४	७३,६०८	(२,२४८)	(२४७३)
	५. स्थगन कर सम्पत्ति तथा दायित्वमा कमी/(वृद्धि)	-	-	-	-
	६. ब्यवस्थाहरुमा भएको कमी/(वृद्धि)	१४५	१५३	१६०	१६८
	७. ब्यापारीक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम कमी/(वृद्धि)	१,४५,४१०	(२,६४,६१३)	६,७९४	(२,६०,३५७)
	८. अल्पकालीन समाटी तथा ऋण रकममा भएको कमी/(वृद्धि)	१८,०९,७२२	८,२९,०६८	(३,६४,७८४)	(४,०५,१७३)
	सञ्चालन गतिविधिबाट नगद प्रवाह	२३,८१,३०१	११,९८,९२३	७,३८,३२८	५,१२,७००
	वित्तीय खर्च	-	-	-	-
	अन्य समायोजन	-	-	-	-
(क)	सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह	४७,९४,६७२	१५,३७,४०७	३,६९,२५९	(१,६४,३९६)
	लगानी गतिविधिबाट खुद नगद प्रवाह				
	१. स्थिर सम्पत्ति (थप) घट	(३,०९९)	(१,९२८)	(८५०)	-
	२. आयोजनामा लगानी	(३०,८६,६०५)	(९,०६,१३९)		
(ख)	लगानी गतिविधिबाट खुद नगद प्रवाह	(३०,८९,७०४)	(९,०८,०६७)	(८५०)	-
	वित्तीय गतिविधिको नगद प्रवाह				
	१. शेयर पूँजीको निष्काशन	९,५०,९५०	-	-	-
	२. लाभांश भुक्तानी	-	-	(३,७०,५००)	-
(ग)	वित्तीय गतिविधिबाट खुद नगद प्रवाह	९,५०,९५०	-	-	(३,७०,५००)
	नगदमा भएको कुल वृद्धि/(कमी) (क + ख + ग)	२,४२,५४८	२,९०,८५६	७,३७,४७८	१,४२,२००
	वर्षारम्भमा नगद तथा बैंक मौज्दात	१,२०,६५८	३,६३,२०६	६,५४,०६२	१३,९१,५४०
	वर्षान्तमा नगद तथा बैंक मौज्दात	३,६३,२०६	६,५४,०६२	१३,९१,५४०	१५,३३,७४०

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

विवरण	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
१. कुल आयमा औषत बृद्धिदर	-	-	२३.०६%	३.००%
२. कुल खर्चमा औषत बृद्धिदर (ब्याज खर्च र ह्रास बाहेक)	६९%	५१७%	२५%	६%
३. संचालन खर्च तथा कुल आम्दानी अनुपात	-	०.३२	०.२९	०.२९
४. खुद मुनाफामा औषत बृद्धिदर	(५८%)	१७४७%	३८%	१०%
५. आयकर ब्यवस्था (प्रतिशतमा)	-	-	-	-
प्रति शेयर आम्दानी	(१.४३%)	२३.५७	३२.५३	३५.८९
अन्य संचालन खर्चका वृद्धिदर (ब्याज र ह्रास)	(०.१२)	२८२.५५	०.१२	(०.०५)
Return on Equity	(१.५६%)	२०.३९%	२४.४३%	२४.९२%
Return on Assets	(०.४७%)	६.७०%	८.८२%	९.९०%

वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :

१. धितोपत्र सार्वजनिक निश्कासन गर्ने आधारमाः आ.व.२०७९/८० मा शेयर पुँजी रु. ९५ करोड ९ लाख ५० हजार ले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
२. कम्पनीद्वारा निर्माणाधीन माथिल्लो त्रिशुली ३बी जलविद्युत आयोजना पुर्ण रुपमा १४ आश्विन २०८० मा व्यापारिक उत्पादन गर्ने योजना रहेको छ ।
३. कम्पनीद्वारा निर्माणाधिन माथिल्लो त्रिशुली ३बी जलविद्युत आयोजनाको लागत अनुमान निर्माण अवधिको ब्याज बाहेक रु.७ अर्ब ३७ करोड ७५ लाख २२ हजार ४ सय १२ तथा निर्माण अवधिको ब्याज समेत रु.८ अर्ब २२ करोड ७४ लाख ४० हजार ६ सय ७४ रहेको छ ।
४. माथिल्लो त्रिशुली ३बी जलविद्युत आयोजना निर्माणको लागि नबिल बैंक लि.को अगुवाइमा हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेन्ट कम्पनी लि. र नेपाल बैंक लि. सँग प्रारम्भिक लागत अनुमान निर्माण अवधिको ब्याज समेत रु.८ अर्ब २२ करोड ७४ लाख ४० हजार ६ सय ७४ को आधारमा कर्जा र स्वपूँजीको ७०:३० को अनुपात हुने गरी ऋण सम्झौता भए बमोजिम वित्तीय प्रक्षेपण तयार गरिएको छ ।
५. नेपाल विद्युत प्राधिकरणसंगको Power Purchase Agreement (PPA) मा भएको व्यवस्था बमोजिम प्रत्येक वर्ष जेष्ठ र आषाढ महिनामा नेपाल विद्युत प्राधिकरणबाट विद्युत उर्जा बिक्री बापत प्राप्त हुनु पर्ने रकमलाई आसामी भनेर देखाउने गरी प्रक्षेपण गरिएको छ ।
६. नेपाल विद्युत प्राधिकरणसँग भएको Power Purchase Agreement (PPA) का आधारमा प्रति युनिट विद्युत दर सुख्खा याममा रु.८.४० र वर्षा याममा रु.४.८० का आधारमा सो दर प्रति वर्ष ३% का दरले ८ वर्षसम्म वृद्धि हुने गरि प्रक्षेपण गरिएको छ । साथै क्षमता उपयोग पनि ९२ प्रतिशत देखि ९९ प्रतिशत हुन्छ भन्ने प्रक्षेपण गरिएको छ ।
७. व्यापारिक उत्पादन भएको १५ वर्षसम्म रोयल्टीको दर प्रति kW रु.१५०।- र विद्युत विक्रीबाट हुने आम्दानीको १.८५% हुने गरी वित्तिय विवरणमा प्रक्षेपण गरिएको छ ।
८. माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजना निर्माणको प्रारम्भिक लागत कम्पनीको संचालक समितिको मिति २०७५ श्रावण १३ को १५०औं बैठकले आयोजनाको अनुमानित लागत (निर्माण अवधिको व्याज समेत) जम्मा रु.८ अर्ब २२ करोड ७४ लाख ४० हजार ६ सय चवत्तर हुने गरी स्वीकृत गरे बमोजिमको रकमलाई नै आयोजनाको कुल लागत मानी प्रक्षेपण गरिएको छ । कम्पनीले आयोजनाको प्रारम्भिक लागत अनुमान गर्दा अमेरिकी डलरको दर प्रति अमेरिकी डलर रु.११०/- तथा ऋणको व्याजदर १० प्रतिशतलाई आधार मानी लागत अनुमान गरिएको ।
९. विद्युत उत्पादन खर्चहरु हरेक वर्ष ६ प्रतिशतका दरले, प्रशासनिक खर्चहरु हरेक वर्ष ५ प्रतिशतका दरले र कर्मचारी खर्च हरेक वर्ष १० प्रतिशतका दरले बृद्धि हुने प्रक्षेपण गरिएको छ ।
१०. विद्युत ऐन, २०५० अनुसार विद्युत उत्पादन गर्ने कम्पनीले नाफाको २ प्रतिशत कर्मचारी बोनस बापत व्यवस्था गर्नु पर्ने भएकाले सोही अनुसार बोनस खर्चको प्रक्षेपण गरिएको छ ।
११. अग्रिम भुक्तानी तथा सापटीहरु मुख्यतः निर्माण कार्यमा संलग्न ठेकेदारहरुलाई प्रदान गरिएकोले सो रकमहरु हाल कट्टी गरिदैं आएकोले क्रमशः कम हुँदै गईरहेको छ ।

१५. वित्तीय अनुपात सम्बन्धी विवरण :

सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित			
	आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.०८१/८२	आ.व.०८२/८३
प्रति शेयर नेटवर्थ (रु.)	९३.९५	९३.०१	९०.८६	८९.३८	९२.०४	११५.६१	१३३.१४	१४४.०२
प्रति शेयर आम्दानी (रु.)	(२.०९)	(०.९४)	(२.१६)	(१.४८)	(१.४३)	२३.५७	३२.५३	३५.८९
संचित नाफा (नोक्सान) (रु. हजारमा)	(९१,८९९)	(१०६,१५८)	(१३८,९०५)	(१६१,३४६)	(१९६,६९७)	३८५,५५७	८१८,५०३	१,०८७,३८४

कम्पनीको सबै दायित्व सारीसकेपछि खुद बाँकी हुने सम्पत्ति तथा नेटवर्थ

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित			
	आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.०८१/८२	आ.व.०८२/८३
साधारण शेयर वापत पूँजी (रु. हजारमा)	१,५१९,०५०	१,५१९,०५०	१,५१९,०५०	१,५१९,०५०	२,४७०,०००	२,४७०,०००	२,४७०,०००	२४,७०,०००
शेयर प्रिमियम (रु. हजारमा)	-	-	-	-	-	-	-	
शेयर आवेदन रकम	-	-	-	-	-	-	-	
सञ्चित नाफा-नोक्सान (रु. हजारमा)	(९१,८९९)	(१०६,१५८)	(१३८,९०५)	(१६१,३४६)	(१९६,६९७)	३८५,५५७	८१८,५०३	१,०८७,३८४
अपलेखन हुन बाँकी खर्च (रु. हजारमा)	-	-	-	-	-	-	-	
खुद सम्पत्ति (नेटवर्थ) (रु. हजारमा)	१,४२७,१५१	१,४१२,८९२	१,३८०,१४५	१,३५७,७०४	२,२७३,३०३	२,८५५,५५७	३,२८८,५०३	३,५५७,३८४
शेयर संख्या (हजारमा)	१५,१९१	१५,१९१	१५,१९१	१५,१९१	२४,७००	२४,७००	२४,७००	२४,७००
प्रति शेयर नेटवर्थ (रु.)	९३.९५	९३.०१	९०.८६	८९.३८	९२.०४	११५.६१	१३३.१४	१४४.०२
खुद नाफा (नोक्सान) (रु. हजारमा)	(३१,६९२)	(१४,२५९)	(३२,७४७)	(२२,४४१)	(३५,३५१)	५८२,२५४	८०३,४४६	८८६,३८१
शेयर संख्या (हजारमा)	१५,१९१	१५,१९१	१५,१९१	१५,१९१	२४,७००	२४,७००	२४,७००	२४,७००
प्रति शेयर आम्दानी (रु.)	(२.०९)	(०.९४)	(२.१६)	(१.४८)	(१.४३)	२३.५७	३२.५३	३५.८९

नोटः यस विवरणमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिती, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउन्टेण्ट संस्था जि.के.एन.एस. एण्ड एसोसियट्सका चार्टर्ड एकाउन्टेण्ट श्री कृष्ण नेपालले प्रमाणित गर्नु भएको छ ।

१६. आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :

आयोजनाको चरणवद्ध लागत देहाय बमोजिम रहेको छ ।

क्र.सं.	विवरण	आ.व. २०७८/७९ सम्म	आ.व. २०७९/८०	आ.व. २०८०/८१	जम्मा रकम
१	पुर्वाधार निर्माण, जमीन तथा सो सँग सम्बन्धित	२,५८,२६८	३,०९९	१,९२८	२,६३,२९५
२	पूर्व सञ्चालन खर्च	५,४९,०९८	१,००,५७८	२५,०२७	६,७४,७०३
३	इन्जिनियरिङ्ग, खरिद तथा निर्माण खर्च	२७,१०,६२१	२४,८०,७२९	६,९५,७७२	५८,८७,१२३
४	ट्रान्समिसन लाइन	४६९	४१,०६६	४१,५३५	८३,०७०
५	परामर्श सेवा	२,९४,२७६	१,५६,०९६	१८,९६०	४,६९,३३२
६	निर्माण अवधिको ब्याज	३,१३,७६८	४,११,३०६	१,२४,८४४	८,४९,९१८
	जम्मा :	४१,२६,५००	३१,९२,८७४	९,०८,०६७	८२,२७,४४१

- **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पुर्ण व्यवसायीक उत्पादन शुरु हुने अनुमानित मिति :** यो आयोजनाबाट मिति २०८०/०६/१४ सम्ममा विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ ।
- **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :** कम्पनीले आयोजनाको लागि आवश्यक पर्ने उपकरण खरिद गर्न M/S Shuifa ANHE Group Co., Ltd, China (Previously Sichuan ANHE Hydraulic and Hydroelectric Engineering Company Ltd.) सँग 12 February 2018 मा ठेक्का सम्झौता गरेको र ठेक्का सम्झौता अनुसार यस कार्यको लागत विदेशी मुद्रातर्फ अमेरिकी डलरः ३,१८,४७,८३८।६२ र नेपाली मुद्रा तर्फ रु.१,९१,४६,१९,४७२।७३ रहेको छ ।

१७. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कुल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरणः यस सूचना/विवरणपत्र मार्फत सर्वसाधारणमा यस भन्दा पूर्व बाँडफाँट भएको ३७,०५,००० कित्ता शेयर बराबरको ९० प्रतिशतका दरले संकलन गरिने रकम रु.३३,३४,५०,०००/- (अक्षेरेपी रु. तेत्तिस करोड चौतिस लाख पचास हजार मात्र) देहाय बमोजिमका कार्यहरुका लागि खर्च गरिनेछ ।

क्र.सं.	खर्च गरिने क्षेत्र	छुट्टाइएको रकम (रु.)
१	आयोजना निर्माण कार्य (सिभिल, ईलेक्ट्रोमेकानिकल, हाईड्रोमेकानिकल तथा ट्रान्समीसन लाईनको कार्यमा)	२३,३४,१५,०००/-
२	परामर्श सेवा	६,६६,९०,०००/-
३	प्रशासनिक खर्च	३,३३,४५,०००/-
	जम्माः	३३,३४,५०,०००/-

१८. यस कम्पनीको सर्वसाधारणमा निष्काशन तथा बिक्री प्रबन्ध गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/११/३० मा स्वीकृत विवरणपत्रमा उल्लेखित प्रक्षेपित तथा हालको वास्तविक वित्तीय विवरणमा फरक पर्नाको कारण :

यस पूर्व गरिएको क्रमशः आ.व. २०७५/७६, २०७६/७७, २०७७/७८ र २०७८/७९ को प्रक्षेपित विवरण र क्रमशः आ.व. २०७५/७६, २०७६/७७, २०७७/७८ र २०७८/७९ को वास्तविक वासलात तथा आय व्यय विवरणमा तुलनात्मक रुपमा फरक पर्नाको कारण कोभिड-१९ महामारी लगायतको प्रभावको कारण पुर्व निर्धारित समयमा आयोजना सम्पन्न नभएकोले हालको वास्तविक वित्तीय विवरणसँग उल्लेख्य भिन्नता देखिएको (सो को विस्तृत विवरण यस कम्पनीको र बिक्री प्रबन्धकको वेवसाइटमा राखिएको छ) ।

१९. शेयरको चुक्ता हुन बाँकी रकम भुक्तानी गर्दा ध्यान दिनु पर्ने कुराहरु :

(क) **नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय वनस्थली, काठमाण्डौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आईएमई क्यापिटल लि., नक्साल, काठमाण्डौमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस सूचना/विवरण मार्फत साविकका सर्वसाधारण शेयरधनीहरुले मात्र बुझाउन बाँकी रहेको रकम (शेयरधनीहरुले अग्रिम भक्तानी गरेको रकममा वार्षिक ८ प्रतिशतका दरले मिति २०७५/१२/२० देखि मिति २०७९/०७/१७ सम्मको व्याज रकम हिसाव गरी चुक्ता हुन बाँकी रकममा मिलान गरी माग गरिएकोले भुक्तानी हुन बाँकी प्रति कित्ता मूल्य रु.८७/- का दरले हुने रकम नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त सहभागी बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नो खातामा रोक्का राखी आस्वा प्रणाली वा सिडिएस एण्ड क्लियरिङ्ग लिमीटेडबाट उपलब्ध गराइएको “मेरो शेयर” सफ्टवेयरबाट भुक्तानी/आवेदन गर्न सकिनेछ ।

(ख) **आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु :**
सर्वसाधारण नेपाली नागरिकले यस आव्हान पत्र मार्फत माग गरिने साधारण शेयरको चुक्ता हुन बाँकी रकम नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरु तथा तिनका शाखा कार्यालयहरु र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको “मेरो शेयर” सफ्टवेयरबाट समेत भुक्तानी/आवेदन गर्न सक्नेछन् ।

(ग) **निष्काशन बैंक (Bankers to the Issue) :**

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	बैंक खाताको नाम	खाता नम्बर
१.	कुमारी बैंक लि., पुतलीसडक, काठमाण्डौं	GICL-BTI TRISHULI	००१००१७१४६००००२५

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत यस धितोपत्र निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२०. क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था :

यस विवरण अनुसार सर्वसाधारण शेयरधनीहरुवाट चुक्ता हुन बाँकी रकम प्रति कित्ता रु.९०/- संकलनका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ४६ क. तथा जनताको जलविद्युत कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ मा भएको व्यवस्था अनुरुप माग गरिएकोमा नेपाल धितोपत्र बोर्डले नेपाल सरकारको कार्यक्रम अनुसार कार्यान्वयनमा आउन लागेको “जनताको जलविद्युत कार्यक्रम” अन्तर्गतका संगठित संस्थाहरुले धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ को उपनियम (७) बमोजिम क्रेडिट रेटिङ्ग गर्न नपर्ने गरी छुट प्रदान गरेकोले उक्त साधारण शेयरको चुक्ता हुन बाँकी प्रति कित्ता रु.९०।- का दरले माग गर्दा क्रेडिट रेटिङ्ग गरिएको छैन ।

शेयरको बाँकी रकम चुक्ता नभएमा वा आंशिक रुपमा मात्र चुक्ता भएमा गरिने व्यवस्था : जनताको जलविद्युत कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ को दफा ८ भएको व्यवस्था अनुसार संस्थापक शेयरधनीले खरिद गर्ने व्यवस्था रहेको छ ।

२१. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि निष्काशन कम्पनी तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् ।

१. निष्काशनकर्ता कम्पनीको तर्फबाट श्री धन बहादुर जि.सी. - फोन नं. ०१-५९०२९६४ तथा इमेल : dhan.gc89@gmail.com
२. निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट श्री नलिना श्रेष्ठ - फोन नं. ०१-५९७०१३८ तथा इमेल : info@gicl.com.np

बिक्री प्रबन्धकः

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं
फोन नं. ९७७-०१-५९७०१३८, फ्याक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

मिति २०७९/०५/२८ गतेको नागरिक दैनिकमा प्रकाशित गर्ने